राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १२ | अंक ३४५ | २०८२ भाद्र ११ गते बुधवार | (Wednesday, 27 Aug, 2025) | पृष्ठ ४ | मुल्य रु. ५

# वीरगन्जमा हैजा संक्रमितको संख्या १ सय १४ पुग्यो

## रोकथामका उपाय थप सशक्त बनाउनुपर्नेमा स्वास्थ्यकर्मीको जोड



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, भाद्र १० गते ।**

वीरगन्जमा हैजा संक्रमितको संख्या १ सय १४ पुगेको छ । मंगलबार साँझसम्म थप २१ जनामा हैजाको संक्रमण पुष्टि भएसँगै यो संख्या १ सय १४ पुगेको हो । पछिल्लो २४ घन्टाको अवधिमा संक्रमण दर घट्नुको साटो बढ्दै गएको छ । सोमबारसम्म ९३ जनामा हैजा देखिएको थियो । वीरगन्जमा हैजाको संक्रमण नियन्त्रणमा आउन सकेको छैन ।

जिल्ला स्वास्थ्य संकट व्यवस्थापन समितिका प्रवक्ता सुमनचन्द्र ठाकुरका अनुसार हालसम्म भएको आरडीटी परीक्षणबाट १ सय १४ जनामा हैजा पुष्टि भएको हो । संक्रमित पुष्टि भएकाहरू वीरगन्ज महानगरपालिका-३, ११, १२, १३ र १६ का छन् ।

नारायणी अस्पतालमा ४३ र तराई अस्पतालमा ३८ जनामा हैजा संक्रमण पुष्टि भएको छ । नेसनल मेडिकल कलेजमा १५, भवानी, वीरगन्ज हेल्थ केयर र मंगलम प्याथोलोजीमा ३/३ जनामा, अली अर्थो र एडभान्स मेडिकेयर अस्पतालमा २/२ जनामा तथा नारायणी सेन्टर, नेपाल इन्डो, नीलकण्ठ, नेपाल मेडिसिटी वयोधा र सर्वोत्तम अस्पतालमा १/१ जनामा संक्रमित पुष्टि भएको जिल्ला स्वास्थ्य संकट व्यवस्थापन समितिले जनाएको छ । महानगरका विभिन्न अस्पतालमा १ सय ९९ जना झाडापखाला तथा हैजाका बिरामी उपचाररत छन् । मंगलबार साँझसम्म २ सय २३ हैजा र झाडापखालाका बिरामी डिस्चार्ज भई घर फर्किसकेका छन् ।

सोमबारसम्म वीरगन्ज महानगर क्षेत्रमा मात्र देखिएको हैजा अब पर्साका अन्य पालिकामा पनि फैलिन थालेको छ । झाडापखाला लागेर पोखरिया नगरपालिकास्थित अस्पतालमा मंगलबार भर्ना भएका ४ जनामा हैजा संक्रमण पुष्टि भएको छ । उनीहरू विन्दवासिनी र धोबिनी गाउँपालिकाका बासिन्दा हुन् । चार जनामै हैजा संक्रमण पुष्टि भएको र तीमध्ये एक रिफर भई मंगलबार साँझ वीरगन्जस्थित वीरगन्ज हेल्थ केयर अस्पतालमा भर्ना भएको जिल्ला स्वास्थ्य कार्यालय पर्साका अधिकृत जयमोद ठाकुरले बताए ।

यता, जनकपुरधाम र काठमाडौंको प्रयोगशालामा गरिएका ३२ वटा नमूनाको परीक्षणमध्ये २० वटामा हैजा पुष्टि भएको पाइएको छ । जनस्वास्थ्य अधिकृत ठाकुरका अनुसार ३२ वटा नमूना 'कल्चर' परीक्षणका लागि काठमाडौं र जनकपुरको प्रयोगशालामा पठाइएको थियो । 'तीमध्येबाट २० वटामा

*- बाँकी पृष्ठ ३ मा*

# उखु किसानलाई अनुदान रकम निकासा




**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, भाद्र १० गते ।**

सरकारले उखु किसानहरूलाई प्रोत्साहन, अनुदान बापतको रकम मंगलबार निकासा गरेको छ । अर्थ मन्त्रालयले यस बापत ७५ करोड ४९ लाख ३८ हजार २सय ४० रुपैयाँ निकासा गरेको हो ।

निकासा गरिएको रकम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय मार्फत किसानको बैंक खाता मार्फत भुक्तानी हुने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

मन्त्री परिषद्को बैठकले यस पटक उखु किसानलाई प्रति क्विन्टल ३५ रुपैयाँ अनुदान उपलब्ध गराउने निर्णय गरे पनि प्राविधिक कारण जनाउँदै अर्थ मन्त्रालयले निकासा गर्न ढिलाइ गरेको थियो ।

यो रकम प्राप्त हुन नसक्दा उखु किसानले काठमाडौं केन्द्रित आन्दोलन गर्दै आएका छन् । यस अघि उखु किसानहरूले प्रति क्विन्टल ७० रुपैयाँ प्रोत्साहन स्वरूप पाउँदै आएका थिए ।

कृषि मन्त्रालयले उखु किसानलाई यति नै रकम उपलब्ध गराउन मन्त्री परिषद्मा प्रस्ताव लगेको भए पनि मुलुकको आर्थिक अवस्था, आवश्यकताका आधारमा ३५ रुपैयाँ उपलब्ध गराउने निर्णय भएको थियो ।

यसैबिच काठमाडौंमा जम्मा भएका उखु किसान र कृषि मन्त्रालयका प्रतिनिधि बिच सिहंदरबार स्थित मन्त्रालयमा वार्ता भएको छ । वार्तामा मन्त्रालयका तर्फबाट कृषि विभागका उपमहानिर्देशक ललन कुमार सिंह, मन्त्रालयका उपसचिव लालकुमार श्रेष्ठ र मणिरत्न अर्याल र उद्योग मन्त्रालयका प्रतिनिधि सहभागी छन् ।

त्यस्तै उखु किसानका तर्फबाट श्यामबाबु राय लगायत सहभागी छन् । यस अघि कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले मंगलबारै उपमहानिर्देशक सिंहको संयोजकत्वमा ४ सदस्यीय वार्ता टोली गठन गरिएको छ ।

# आर्थिक अनियमिततामा मुछिए मधेशका ट्राफिक प्रमुख

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, भाद्र १० गते ।**

मधेश प्रदेशको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराका प्रमुख तथा प्रहरी उपरीक्षक (एसपी) राजकुमार सिलवाल आर्थिक अनियमिततामा मुछिएका छन् ।

आर्थिक अनियमिततामा मुछिएको र उनको कार्यशैलीमाथि गुनासो तथा लिखित उजुरी नै आएपछि मधेश प्रदेश प्रहरी कार्यालयले छानबिन अघि बढाएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी नायब महानिरीक्षक (डीआईजी) उमा चतुर्वेदीले एसपी सिलवामाथि छानबिनका लागि समिति गठन गरिएको पुष्टि गरे । 'छानबिन समिति गठन गरेर अनुसन्धान अघि बढाएका छौं । अहिले छानबिनकै क्रममा रहेकाले थप बताउने अवस्था छैन' डीआईजी चर्तुवेदीले भने ।

स्रोतका अनुसार एसपी सिलवालविरुद्ध ३५ वटा लिखित उजुरी परेको छ । ती ३५ उजुरी पाँच किसिमका रहेकाले छुट्टा छुट्टै अनुसन्धान गर्न पाँच वटा समिति बनाइएको छ । एसएसपी कमल थापा, एसएसपी भीम दाहाललगायतको पाँच जनाको नेतृत्वमा छुट्टा-छुट्टै पाँच समिति बनाइएको छ ।

एसपी थापालाई लागेको आरोपको लिखित जवाफ पेश गर्न भन्दै समय समेत तोकिएको बताइएको छ । मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाउनेलाई जरिवाना गरेर छाड्नु पर्नेमा रातभर नियन्त्रणमा राखेको, चालकहरुसँग रकम असुली गरेको लगायत आरोप छ । मापसे नगरेको अर्को चालकलाई गाडी चलाउन दिएर जरिवानाको चिट काटि छाड्न भन्दा समेत नछाडि रातभर नियन्त्रणमा राखेको आरोप एसपी सिलवालमाथि छ । यसबारे प्रदेश कार्यालयले मापसे सेवन नगरेको चालकलाई गाडी जिम्मा लगाएर चिट काटेर छाड्न निर्देशन दिँदा समेत एसपी सिलवालले नछाडेको बताइएको छ ।

चोरीको सवारी नियन्त्रणमा लिएर भन्सारमा बुझाउनु पर्नेमा भन्सारमा नबुझाई आफूखुसी प्रयोग गरेको आरोपमा पनि सिलवालमाथि छानबिन अघि बढाइएको छ ।

सामान्यतया चोरीको गाडी नियन्त्रणमा लिने र अनुसन्धान गर्ने काम ट्राफिकको कार्यक्षेत्रभन्दा बाहिर भए पनि सिलवालले भने चोरीका गाडी नियन्त्रणमा लिएर भन्सार बुझाउनुको साटो आफूखुसी प्रयोग गरेको गरेको उजुरी परेको थियो ।

# सुस्तायो घरजग्गा कारोबार

## ५५ करोडले घट्यो सरकारको राजस्व



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, भाद्र १० गते ।**

चालू आर्थिक वर्षको पहिलो महिनामा घरजग्गा कारोबार सुस्ताउँदा यसबाट सरकारलाई प्राप्त हुने राजस्व संकलन पनि गत वर्ष साउनको तुलनामा ५५ करोडले घटेको छ । भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार साउन महिनामा देशभरका १३५ मालपोत कार्यालयबाट १ लाख ४ हजार २ सय १८ वटा घरजग्गा कारोबार भएको छ भने उक्त कारोबारबाट सरकारले कुल ३ अर्ब २८ करोड ९१ लाख ३८ हजार २ सय ४२ रुपैयाँ मासिक राजस्व संकलन गरेको छ । ०८१ साउन महिनामा १ लाख २७ हजार २०६ वटा

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

# माइतीघर पुग्छ पीडितको आन्दोलन, जस लिन आउँछन् नेता



**कौशल काफ्ले**
**काठमाडौं, भदौं १० गते ।**

किसान, मजदुर, मिटरब्याज पीडितदेखि सबैले आफ्ना माग राख्ने थलो हो- काठमाडौंको माइतीघर । तर, कुनैपनि पीडित व्यक्ति र समूह एकैपटक माइतीघर आइपुग्दैन ।

पटक-पटक माग राख्दा पनि राज्य र सरोकारवालाले सुन्दैनन्, त्यसपछि उनीहरू सुदूरबाट खालीखुट्टै लामो यात्रा तय गरेर माइतीघर आइपुग्छन् । जब आन्दोलन चर्किन्छ, त्यसपछि उनीहरूलाई सहानुभूति प्रकट गर्नेहरूको लर्को लाग्छ। यो पंक्तिमा नेताहरू अगाडि देखिन्छन् । आफैं सत्तामा हुँदा यस्ता समस्यामा चासो नदिनेहरू विपक्षमा रहँदा चर्को सुनिन्छन् ।

मंगलबार यस्तै दृश्य माइतीघरमा देखियो । पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई तीन दिनदेखि आन्दोलनरत उखु किसान सान्त्वना मंगलबार माइतीघर पुगे ।

नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ पनि त्यहाँ पुगे । श्रेष्ठले किसानका मुद्दामा ऐक्यबद्धता जनाउँदै भने, 'उखु किसानका माग जायज छन्, सरकारले पूरा गर्नुपर्छ ।'

त्यस्तै, पूर्वप्रधानमन्त्री नेपालले भने, 'किसानलाई सँगै राखेर मात्र मूल्य निर्धारण गर्नुपर्छ ।'

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले पनि उखु किसानहरूले पाउँदै आएको अनुदान कटौती गर्ने सरकारको निर्णयको विरोध गरे । संयोगवश मंगलबार नै सरकारले उखु किसानको भुक्तानीका लागि ७५ करोड निकासी गर्‍यो ।

सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी लगायतका जिल्लाबाट आएका किसानहरू नेताहरूले सधैं बल्झिने किसानका यस्ता समस्या समाधानमा संवेदनशील भए काठमाडौं आउनै नपर्ने बताउँछन् ।

माइतीघरमा तीन दिनदेखि आन्दोलनरत नेपाल उखु उत्पादक महासंघका अध्यक्ष राजकुमार उप्रेतीले नेताहरूको यो उपस्थिति 'फोटो खिचाउने' अवसर मात्र बन्ने गरेको बताए ।

उनकाअनुसार यसपटक माथि उल्लेख गरिएका पूर्वप्रधानमन्त्रीलगायतका नेताबाहेक अरु थुप्रै सांसद पनि माइतीघरमा आएका थिए । नेपाली कांग्रेसका सांसदहरू दीपक कार्की, कल्पना चौधरी, बिना तामाङ र महेन्द्र रायलगायतका नेता

## माइतीघरमा उखु किसानको पक्षमा खरो उभिएका पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल उनै व्यक्ति हुन्, उनै प्रधानमन्त्री हुँदा उखु किसानकै आन्दोलन दबाउन सर्लाहीमा कर्फ्यू लागेको थियो ।

माइतीघर पुगेर किसानहरूसँग ऐक्यबद्धता जनाएका थिए ।

तर, नेताहरूले आफूहरू आन्दोलन गर्न माइतीघर आएपछि मात्र सम्झेको जस्तो गर्ने गरेको तितो अनुभव उप्रेतीसँग छ । करिब ३० वर्ष उखु किसानकै लागि संघर्षरत उनले नेताहरूले विषय चर्चामा आउँदा सार्वजनिक खपतको लागि मात्र सोच्ने, तर अन्य समयमा किसानका मुद्दामा गम्भीर नहुने गरेको गुनासो गरे ।

उदाहरणको रुपमा उनले माधवकुमार नेपाल प्रधानमन्त्री हुँदाको घटना सम्झिए । उनकाअनुसार त्यसबेला उखु किसानले आफ्ना माग पूरा गराउन सयौं किसान र प्रहरीले घाइते बन्नुपर्‍यो ।

सर्लाहीमा एकहप्ता आन्दोलन चर्काउनुपर्‍यो । राज्यले कर्फ्यू नै लगाएर आन्दोलन दबाउने प्रयास गर्‍यो । त्यसबेला प्रधानमन्त्री अहिले माइतीघरमा देखिएका माधवकुमार नेपाल नै थिए ।

मंगलबार उखु किसानसँगै बसेर सरकारको आलोचना गरेका नेपालले यिनै आन्दोलनकर्मीका कुरा नसुन्न त्यसबेला एकहप्ता कर्फ्यू लगाएका थिए ।

यद्यपि, केही सीप नलागेपछि वार्ताको ढोका खुलेको र त्यसबेला माग पुरा भएको उप्रेतीले सम्झिए । र, त्यही समयबाट ६५ रुपैयाँ उखु किसानलाई प्रति क्वीन्टल अनुदान तोकिएको थियो, जुन क्रमशः बढ्दै जाँदा ७० रुपैयाँ पुगेको थियो । तर सरकारले यसपटकको बजेटमा उक्त कुरा नसमेटेपछि किसानहरू पुनः आन्दोलित बने ।

अहिलेको आन्दोलन सुरु गर्नुअघि पनि आफूहरूले नेताहरूलाई पटकपटक हारगुहार गरेको प्रसंङ्ग पनि उप्रेतीले सुनाए । 'यसपटक पनि हामी यहाँ आउनुअघि नेताहरूलाई हारगुहार गर्यौं । तर, त्यसबेला कसैले वास्ता गरेनन् । प्रधानमन्त्रीलाई भेटाइदेउ भन्दा 'कसैले मैले भेटाउन सक्छु' भनेनन्,' उप्रेतीले भने, 'तर, अहिले हामी काठमाडौं आएका बेला चाहिँ नेताहरू आइपुग्नुभयो । सहभानुभूतिका भाषण गर्नुभयो ।'

उप्रेतीका अनुसार सत्ता पक्ष हुन् वा प्रतिपक्ष पटकपटक उही दल र तीनका नेता सरकार र निर्णायक तहमा रहने गरेका छन् । संसद्मा प्रतिनिधित्व पनि उनीहरूकै हुन्छ । तर किसानहरूका समस्या सम्बोधनमा संवेदनशीलता कम रहेको उनको अनुभव छ ।

अझ अहिले सरकारमै रहेका दल, नेपाली कांग्रेस नेतृत्वको कृषि मन्त्रालयले बेवास्ता गरेको उनको आरोप छ। त्यसैले यी दलका सांसद् माइतीघरमा आउने समयमा आफ्नो पार्टीभित्र दबाब दिएर माग पुरा गराउन सहयोग गरिदिए हुने भन्ने अपेक्षा उप्रेतीसँग छ । उखु किसानहरू माइतीघर आउनुअघि प्रधानमन्त्री र मन्त्रीहरूलाई भेट्न खोजेका थिए । त्यो बेला अरु नेताहरूले सहयोग नगरेको उनीले बताए ।

उप्रेतीकाअनुसार शेरबहादुर देउवाले अर्थमन्त्रीलाई फोन गरेर भुक्तानी दिन भनेको सुनियो, तर त्यो पनि कार्यान्वयन भएन । महन्थ ठाकुरले पनि प्रयास गरे । शंकर पोखरेलहरूले पनि भेटाइदिने आश्वासन मात्र दिए । तर, अरू नेताहरूले त चासो देखाएनन् ।

यिनै उखु किसानको आन्दोलनमा कुनै बेला दबाब दिन पुगेका नेपाली कांग्रेसका नेता (तत्कालीन) रामचन्द्र पौडेल अहिले राष्ट्रपति नै छन् । २०७७ साल पुसमा माइतीघर पुगेका पौडेलले उखु किसानको आन्दोलनमा ऐक्बद्धता जनाउँदै भनेका थिए- 'कांग्रेस किसानको पार्टी, मजदुरको साथी हो । हामी हरेक समस्याको समाधानका लागि तपाईंहरूसँग छौँ, मेरो पूर्ण ऐक्यबद्धता छ ।'

राष्ट्रपति बनेका पौडेल अहिले भने उखु किसानको मुद्दामा कसरी पहल गरिरहेका छन् वा छैनन् जानकारीमा छैन । त्यहीबेला नेपाली कांग्रेसका प्रवक्ता रहेका विश्वप्रकाश शर्माले पनि किसानको आन्दोलनप्रति ऐक्यवद्धता जनाएका थिए । अहिले उनी पार्टीका महामन्त्री छन् र उनकै पार्टी सरकारमा छ । कृषि मन्त्रालय पनि सोही पार्टीले हाँकिरहेको छ ।

यसरी पटकपटक फोटो खिचाउन माइतीघर पुगेका नेता र भिआईपीले त्यसपछि सम्पर्क गरेको सम्झना पनि उखु किसानका नेता उप्रेतीमा छैन । 'कहाँ सम्झिनु ? यहाँ आएर फर्किएपछि त्यति कसैले चासो राख्दैनन् । यो सधैंको नियति हो,' उप्रेतीले भने ।

०००

यो उखु किसानको हकमा मात्र होइन, माइतीघरमा हुने अरु आन्दोलनमा पनि अवस्था उस्तै छ। जस्तो, माइतीघरमा मिटरब्याज पीडितले पनि पटकपटक संघर्ष गर्दै आएका छन् । उनीहरूको अनुभव पनि उखु किसान उप्रेतीको जस्तै छ। नेता भेट्न आउँछन्, तर भेटिरहँन चाहँदैनन् । वास्तै गर्दैनन् । यसले यी आन्दोलनकर्मीलाई बेलाबेला आक्रोशित बनाउँछ ।

२०७९ साल चैतमा मिटरब्याज पीडितले त ऐक्यबद्धता जनाउन माइतीघरमा पुगेका राप्रपाका सांसद ज्ञानेन्द्र शाहीविरुद्ध नाराबाजी नै गरेका थिए । मिटरब्याज पीडितहरूले आफूहरूले नागरिक आन्दोलन गरेको भन्दै उनीहरूले राजावादी र सामन्तवादीको समर्थन र ऐक्यबद्धता नचाहिने बताएका थिए ।

शाहीले भने आफू जनप्रतिनिधि भएको नाताले नागरिकको समस्या बुझ्न आएको बताउँदै थिए । तर, मिटर ब्याज पीडितले उनको कुरै सुन्न चाहेनन् । मिटरब्याज पीडितको आन्दोलनको नेतृत्व गरेका निर्ग नवीनले त्यसबेलाको आन्दोलन सम्झँदै भने, 'उनीहरू जहाँ छन् त्यहाँबाट गुर्नपर्यो नि । संसद्मा भएकाले त्यहीँबाट गर्नुपर्यो नि ! खाली फोटो खिचाउन र सार्वजनिक खपतको लागि आउँछन् । यो कुरा हामीलाई ठिक लाग्दैन ।'

नेताहरू आन्दोलनमा आएर भाषण गर्ने र फोटो खिचाउने, तर माग सम्बोधनमा जवाफदेही नहुने प्रवृत्तिप्रति उनको असन्तुष्टि छ । आफूहरूले आन्दोलन गर्दा पनि नेताहरूले आन्दोलनकर्मीको मागलाई तार्किक वा न्यायिक निष्कर्षमा पुर्‍याउन कुनै भूमिका नखेलेको उनले सम्झिए ।

त्यसबेला नेकपा एमालेकै शिर्ष नेताले आएर ऐक्यबद्धता जनाएका थिए । तर, अहिले सरकारमा हुँदा

- बाँकी पृष्ठ ३ मा

## सम्पादकिय............

# हाम्रो चाहना बलियो अर्थतन्त्र

कोभिड-१९देखि सुस्त रहँदै आएको अर्थतन्त्र चलायमान हुने र मुलुकको आर्थिक अवस्था सुध्रेर जनजीवन सहज र उन्नत हुने आम नेपालीको चाहना पूरा हुने संकेत देखिएको छ । मौद्रिक नीति निर्माण गरेर अर्थतन्त्रलाई सबलीकरण बनाउन महत्वपूर्ण भूमिकामा रहेको नेपाल राष्ट्र बैंकका पछिल्ला तथ्यांकहरूले त्यस्तो संकेत देखिएको हो । तथ्याँकले गत आवमा विदेशबाट नेपालीले १७ खर्ब २३ अर्ब रुपैयाँ पठाएको , २६ खर्ब ७७ अर्ब रुपैयाँले विदेशी मुद्रा सञ्चिति बढेको र शोधनान्तर र चालु खाता ५ खर्ब रुपियाँभन्दा बढीले बचत भएको अवस्था देखिएबाट अर्थतन्त्र सही बाटो समातेको देखिन्छ जो आम नेपालीको वर्षौंदेखिको चाहना हो । हामीले विकास र समृद्धिका हाम्रा सम्भावनाहरुप्रति बढी संवेदनशील भएर काम गर्न सक्रिय हुनुपर्छ, चाहना पूरा गर्न सकिन्छ ।

अर्थतन्त्रका आन्तरिक सूचक बाह्य सूचकभन्दा कमजोर रहँदै आएकोमा अहिले आन्तरिक सूचकमा सुधार आउँदै गरेको अवस्थाले सर्वत्र आशाको सञ्चार गरेको छ । यसैबीच आर्थिक वृद्धिदर ३.६७ प्रतिशतबाट ४.६१ प्रतिशतमा उक्लिएको छ । निर्यातमा ८१ प्रतिशतको ऐतिहासिक बृद्धि भएको छ । ११ लाखभन्दा बढी पर्यटकको आगमन भएको छ । त्यस्तै उत्पादन र उद्योगका लागि चाहिने ऊजोको उत्पादन ३ हजार ५ सय मेगावाट नाघेको छ। आन्तरिक सूचकमा यसरी आएको सुधारले अर्थतन्त्र सबलीकरण अभियानलाई प्रभावकारी बन्न र लगानीकर्ताहरुमा लगानी गर्न हौसला प्रदान गर्दछ । यही हौसलाको पृष्ठभूमिमा हामीले आन्तरिक उत्पादन बढाएर निर्यात व्यापारको विकास र प्रवर्द्धन गर्न, लगानीको वातावरण बनाउन, पर्यटक आगमन वृद्धि गर्न , राष्ट्रिय पूर्वाधारहरुको निर्माणलाई गति दिन, पुँजीगत खर्चलाई थप वृद्धि गर्न र राजनीतिक स्थिरता तथा सुशासन कायम गर्न सक्ने हो भने बलियो र समृद्ध अर्थतन्त्रको आम नेपालीको चाहना पूरा हुनेमा ढुक्क हुन सकिन्छ ।

## राशिफल

मेष - रमाईलोमा दिन वित्नेछ ।
वृष - साथीबाट सहयोग प्राप्त हुनेछ ।
मिथुन - पढाईमा मन लाग्ने छ ।
कर्कट - समस्या उत्पन्न हुने ।
सिंह - यात्राको योग छ ।
कन्या - धर्ममा मन जानेछ ।
तुला - नयाँ कार्यको सुरुवाता हुने ।
वृश्चिक - मान सम्मान बढ्ने छ ।
धनु - व्यापार फस्टाउने छ ।
मकर - खानपानमा सजग रहनुहोला ।
कुम्भ - आंशिक लाभको योग छ ।
मिन - हौसला बढ्ने छ ।

# सुस्तायो घरजग्गा...

घरजग्गा कारोबार भएको थियो भने उक्त कारोबारबाट सरकारले ३ अर्ब ८३ करोड ५० लाख ८२ हजार ८ सय ८५ रुपैयाँ राजस्व संकलन गरेको थियो । चालू आवको पहिलो महिनामा सबैभन्दा धेरै कारोबार झापा, सुनसरी, भक्तपुर, ललितपुर र काठमाडौंबाट भएको छ । विभागका अनुसार भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापाबाट सबैभन्दा बढी ४ हजार ९ सय ४ वटा, भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीबाट ४ हजार ६४, भूमिसुधार तथा मालपोत भक्तपुरबाट ३०१५, भूमिसुधार तथा मालपोत लगनखेल, ललितपुरबाट २ हजार ९ सय ९१, काठमाडौंका ६ वटा मालपोतबाट ७ हजार ४ सय ८० वटा कारोबार भएका छन् । घरजग्गा कारोबारमा खासगरी लिखत पारित, नामसारी, संशोधन, हालसाबिक, रोक्का, फुकुवा, अपार्टमेन्ट लिखत पारित, जग्गा दर्ता, दाखिल खारेज, मोही हक कायम, मोहियानी हक नामसारी, मोही लगत कट्टा, जग्गा बाँडफाँट, प्रतिलिपि प्रक्रिया, गुठी अधीनस्थ जग्गाको लिखत पारित, गुठी अधीनस्थ जग्गाको नामसारी, गुठी अधीनस्थ जग्गाको दाखिल खारेज, गुठी जग्गा तथा सम्पदा, गैरघरजग्गासम्बन्धी लिखत पारित, स्रेस्ता एकीकरण, आयोजना फिर्ताको लिखत पर्छन् । यसमध्ये सबैभन्दा बढी लिखत पारित, नामसारी, संशोधन, हालसाबिक, रोक्का र फुकुवा हुने गरेको छ । साउनमा मासिक राजस्वतर्फ सरकारले सेवा करबाट २६ करोड २६ लाख २९ हजार ६ सय ५५ रुपैयाँ, रजिस्ट्रेसन दस्तुरबाट १ अर्ब ८० करोड १ लाख १२ हजार २ सय १३ रुपैयाँ, अतिरिक्त शुल्कबाट २ लाख २४ हजार ३ सय ९४ रुपैयाँ संकलन गरेको छ । यसबाहेक डोर सुविधा शुल्कबाट ५ लाख ५६ हजार ७ रुपैयाँ, पुँजीगत लाभकरबाट १ अर्ब १९ करोड ११ लाख ९९ हजार ७ सय ३८ रुपैयाँ, जग्गाधनी प्रमाणपुर्जा प्रिन्ट शुल्कबाट १ हजार ९ सय रुपैयाँ, विलम्ब शुल्कबाट ५ लाख २३ हजार २ सय १५ रुपैयाँ, मुख्यमन्त्री स्वच्छता अभियान कोष शुल्कबाट ३ करोड ३३ लाख ३८ हजार ४ सय १८ रुपैयाँ र रोक्का दस्तुरबाट ५ लाख ५२ हजार ७ सय रुपैयाँ संकलन भएको छ । साउनमा झापा, मोरङ, सुनसरी, धनुषालगायतका जिल्लामा उच्च मात्रामा कित्ताकाट भएको देखिएको विभागले जनाएको छ ।

# वीरगन्जमा हैजा संक्रमितको...

हैजा पोजेटिभ आएको छ । अरूको रिपोर्ट आउन बाँकी छ,' उनले भने, 'कोलेरा टाइप वानको कीटाणु देखिएको छ ।' मधेस प्रदेशको प्रादेशिक स्वास्थ्य निर्देशनालयको टोलीले वीरगन्जका नारायणी अस्पताल र तराई हस्पिटलबाट कुल ३२ जना बिरामीको दिसाको नमूना संकलन गरेको थियो । तीमध्ये २२ वटा नमूना जनकपुरस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा र १० वटा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाडौं पठाइएको थियो । जनकपुर प्रयोगशालामा गरिएको परीक्षणमध्ये १२ वटा नमूनामा हैजा देखिएको हो । टेकु प्रयोगशालाका चिकित्सा प्राविधिक उपप्रमुख एवं सूचना अधिकारी सन्तोष सुवेदीका अनुसार आएका १० वटामध्ये ८ वटा नमूनामा हैजा पोजेटिभ देखिएको छ । बाँकी नमूना परीक्षण क्रममै रहेको बताइएको छ ।

नमूना पठाउने नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासले अब रोकथामको उपाय सशक्त बनाउन आवश्यक रहेको बताए । 'हाम्रो अस्पतालबाट पठाएको नमूनामा हैजा देखिएको छ । सुरुमा अन्य कुनै कारणले पखाला लागेको हो वा हैजाको कारणले भनेर शंका थियो,' उनले भने, 'उपचार त कोलेराकै आशंकामा गरेका थियौं । तर अब रोकथामका उपाय थप सशक्त बनाउनुपर्छ ।' हैजाको प्रकोप समुदायस्तरमा फैलिन जोखिम बढेपछि वीरगन्ज महानगरपालिकाले थप तीन दिनका लागि सबै शिक्षण संस्थाहरू बन्द गर्ने निर्णय गरेको छ। हैजाको संक्रमण फैलन थाले पछि आइतबार र सोमबार दुई दिन पनि विद्यालय र कलेज बन्द गरिएको थियो । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेले मंगलबार जारी गरेको सूचनामा मेयर राजेशमान सिंहको अध्यक्षतामा बसेको बैठकको निर्णयअनुसार शिक्षण संस्थाहरू बन्द गर्ने निर्णय भएको उल्लेख छ । लामिछानेका अनुसार विद्यालय बन्द रहेको अवधिमा शिक्षक र कर्मचारीहरूलाई हैजा नियन्त्रणसम्बन्धी जनचेतना फैलाउन परिचालन गरिनेछ ।

यसैबीच महानगरपालिकाले होटल र मासु पसलहरूमा अनुगमन थालेको छ । मंगलबार महानगरको संयुक्त टोलीले मुर्ली, पानी टृयांकी, बसपार्क र नगवा क्षेत्रमा रहेका होटल तथा मासु पसलहरूको सरसफाइ अवस्था जाँच गरेको हो । महानगर प्रमुख सिंहको निर्देशनअनुसार पशु सेवा शाखा, वातावरण शाखा र महानगर प्रहरीको टोलीले अनुगमन गरेको हो । महानगरले हैजा नियन्त्रणका लागि जनचेतना कार्यक्रम, दूषित पानीको परीक्षण, संक्रमित क्षेत्रको सरसफाइ र स्वास्थ्यकर्मीमार्फत घरदैलो अभियान पनि सुरु गरेको छ । स्थानीयवासीलाई पानी उमालेर पिउन, सफा खानेकुरा मात्र सेवन गर्न र व्यक्तिगत सरसफाइमा ध्यान दिन आग्रह गरिएको छ । झाडापखाला तथा हैजा संक्रमणको जोखिमलाई मध्यनजर गर्दै महानगरले पानी परीक्षण सुरु गरेको छ । हैजा संक्रमणको प्रमुख कारण दूषित खानेपानी हुन सक्ने आशंकामा नमुना संकलन र प्रयोगशालामा परीक्षण प्रक्रिया अघि बढाएको हो । माइक्रोबायोलोजिस्ट अजय मण्डल, वातावरण निरीक्षक प्रकाश ऐरसहितको प्राविधिक टोलीले महानगरका वडा १०, ११ र १२ भित्रका विभिन्न पाँच स्थानका धाराबाट पानीको नमुना संकलन गरेर परीक्षण कार्य सुरु गरेका छन् । महानगरले वडा १ छपकैयास्थित खानेपानी प्रशोधन केन्द्रमै आधुनिक प्रयोगशाला स्थापना गरेको छ । युनिसेफले उपलब्ध गराएको विशेष किट प्रयोग गरेर कोलिफर्म परीक्षणसमेत सुरु गरिएको छ । आवश्यकताअनुसार अन्य शंकास्पद स्थानका नमुना पनि संकलन गरी परीक्षण गर्ने तयारी रहेको महानगरले जनाएको छ ।

# सर्वोच्चमा पूर्वमन्त्री साहको मुद्दा...

सम्पत्ति आर्जनको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । उनीविरुद्ध ३१ करोड ५० लाख २६ हजार पाँच सय ५९ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्दै आयोगले अभियोग पत्र दायर गरेको थियो । अख्तियारले आठ जनालाई प्रतिवादी बनाएको थियो ।

२०७४ चैत १६ मा साहविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले ३२ करोड चार लाख ५० हजार ३०४ रुपैयाँ बिगो दाबी गर्दै मुद्दा दायर गरेको थियो ।

विभागले संजयका बाबु साधुसाह सुडी, आमा दुलारीदेवी साह, श्रीमती रंगीलाकुमारी साह, रामकुमार साहसहित १२ जनालाई प्रतिवादी बनाएको थियो । उनीहरूमध्ये रामकुमार साहलाई एक वर्ष ८ महिना कैद तथा बाँकीलाई दुई वर्ष ६ महिना कैद सजाय हुने विशेष अदालतले फैसला गरेको थियो ।

साहविरुद्ध अख्तियारमा उजुरीपछि छानबिन गर्दा उनको सम्पत्ति अस्वाभाविक देखिएको छ । आयोगले अनुसन्धान गर्दा दुई पटक संविधान सभा तथा व्यवस्थापिका संसद् सदस्य (सभासद) भएर, भौतिक योजना तथा निर्माण राज्यमन्त्री भएको बेलासमेत साहले सार्वजनिक पद धारण गरेपछि अस्वाभाविक रूपमा सम्पत्ति लुकाएको अख्तियारको दाबी थियो ।

सम्पत्ति शुद्धीकरण विभागले गरेको अनुसन्धानमा गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति तथा साधन बाबु साधुसाह सुडी, आमा दुलारीदेवी साह, श्रीमती रंगीलाकुमारी साह, भाइरामकुमार साह, मनोजकुमार सिंह, निलम सिंह, राममिलन राउत कुर्मी, ओमप्रकाश यादव, सुजितकुमार पाण्डे गरी कुल १२ प्रतिवादीसमेतको मिलेमतोमा लुकाएको दाबी गरेको थियो ।

**जन्मकैद सजाय पाएर कारागारमा छन् साह**

जनकपुरधाम बमकाण्डको मुख्य योजनाकारको रूपमा रहेका भन्दै धनुषा जिल्ला अदालतले जन्मकैद सजाय सुनाएपछि हाल संजयकुमार साह डिल्लीबजार कारागारमा जेल सजाय काटिरहेका छन् ।

रामानन्द चोकमा बम विस्फोट मुद्दामा पूर्वमन्त्री साहसहित सात जनालाई धनुषा जिल्ला अदालतले जन्मकैद सजाय सुनाएको थियो । २०६९ वैशाख १८ मा मिथिला राज्य संघर्ष समितिको आह्वानमा रामानन्द चोकमा बम विस्फोट गराइएको थियो । विस्फोटमा पाँच जनाको मृत्यु भएको थियो । घटनाका मुख्य योजनाकारका रूपमा साहलाई प्रतिवादी बनाएर मुद्दा दर्ता भएको थियो । रातोपाटी

# आमा बन्दै परिणीति



**मुम्बई, भाद्र १० गते ।** अभिनेत्री परिणीति चोपडा र राघव चड्ढा चाँडै नै आमाबाबु बन्दैछन् । यो जोडीले सामाजिक सञ्जालमा एक पोस्ट सेयर गर्दै यो खुसीको खबर साझा गरेका छन् ।

दुई जनाले इन्स्टाग्राममा साझा गरेको पोस्टमा बच्चाको सानो खुट्टा देखिन्छ भने त्यसको माथि १+१=३ लेखिएको छ। यो खबरपछि बलिउड र विश्वभरका फ्यानहरूबाट बधाईको सन्देश आइरहेका छन् ।

दुवैले यस पोस्टको क्याप्सनमा लेखेका छन्, 'हाम्रो सानो संसार... अब आउँदैछ, असीम कृपा ।' उनीहरूले यस पोस्टमा लेखेका छन् कि अब एक र एक जोडेर उनीहरू तीन बन्न लागेका छन् । यो पोस्टसँगै, जोडीले एउटा भिडियो पनि सेयर गरे । भिडियोमा परिणीति चोपडा राघव चड्ढाको हात समातेर हिँडिरहेको देखिन्छिन् । यस पोस्टमा सोनम कपूर, नेहा धुपिया, रकुल प्रीत, भूमि पेडनेकर, हुमा कुरेशी, भारती सिंह, रकुल प्रीत, अनन्या पाण्डे जस्ता धेरै सेलिब्रेटीहरूले उनीहरूलाई धेरै बधाई दिएका छन् ।

हालै परिणीति चोपडा र राघव चड्ढा द ग्रेट इन्डियन कपिल शर्मा शोमा देखापरेका थिए । यस क्रममा राघवले परिणीतिको गर्भावस्थाको बारेमा सङ्केत गर्दै हामी चाँडै नै खुसीको खबर बाँड्ने बताएका थिए । एजेन्सी

# माइतीघर पुग्छ पीडितको...

आफूहरूलाई उनीहरूले कुनै वास्ता नगरेको निर्मले बताए ।

त्यसैले आगामी भदौ १८ गतेबाट फेरि आन्दोलन गर्ने तयारीमा मिटरब्याज पीडित रहेको जानकारी उनले दिए । बरु नेताहरूले साँच्चै इच्छा भए माइतीघरमा फोटो खिचाउन आउनुभन्दा संसद् र नीति निर्माण तहमा रहेकाले सम्बन्धित ठाउँबाटै आफ्नो भूमिका निभाउन जवाफदेही भएर लाग्न अनुरोध गरे । 'हामीलाई स्टन्ट हैन, समाधान चाहिएको छ,' उनले भने ।

०००

बाँकेकी निर्मला कुर्मीको न्यायका लागि वर्षौंदेखि आन्दोलनरत अधिकारकर्मी रुबी खानको अनुभव पनि उस्तै नमिठो छ । नेताहरूको माइतीघर मण्डलामा देखिने उपस्थितिलाई केवल 'फोटो खिचाउने परम्परा'को रुपमा लिन्छिन् उनी ।

नेताहरूले आन्दोलनकारीको पीडा देखेर सहानुभूति जनाएजस्तो गर्ने, तर समाधानमा कुनै भूमिका नखेल्ने प्रवृत्तिप्रति उनले निराशा व्यक्त गरिन् । जस्तो, रुबी खान नेतृत्वको महिला अधिकार मञ्चले निर्मला कुर्मीको अपहरण र सम्पत्ति हडप्ने मुद्दामा न्याय माग्दै पटक-पटक माइतीघरमा आन्दोलन गरेको छ । उनीहरूले नेपालगन्जदेखि काठमाडौं ५०० किलोमिटरभन्दा बढी २० दिन (दिनरात) पैदल यात्रा गरेर आन्दोलन पनि गरे ।

'हामीले स्थानीय स्तरमै लामो समय आन्दोलन गर्‍यौं । सम्पर्क गर्न खोज्यौं । तर कसैले सुनेन,' उनले अनुभव सुनाइन्, 'जबकी मिडियाले हाम्रा मुद्दा उठाएका थिए । नेताहरूलाई विषय थाहा थियो । तर माइतीघर पुगेपछि मात्र उहाँहरू आउनुभयो, फोटो खिचाएर र खोक्रो सहानुभूति देखाएर जानुभयो ।'

तत्कालीन गृहमन्त्री रवि लामिछानेदेखि विभिन्न पार्टीका शिर्ष नेता/महामन्त्रीसम्म माइतीघर आए । उनीहरूलाई सहानुभूति दिए । आश्वासन दिए । तर, खानको अनुभवमा यो उपस्थिति केवल देखावटी थियो । किनकी, त्यसपछि नेताहरूले पुनः सम्पर्क गरेको वा यसबारे बोलेको उनले सुन्न पाइनन् । बस् आफू फलानो मुद्दामा बोलेको 'नाटकीय जनाउ' दिन आएको उनको बुझाई छ ।

'हामी माइतीघर रहरले बस्न गएका होइनौं । सरकार र नेताहरूप्रति आशा र विश्वासले त्यहाँ पुग्छौं । हाम्रो पीडा देखाएर समाधान होला भन्ने विश्वास हुन्छ,' उनले दोहोऱ्याइन्, 'तर नेताहरू फोटो खिचेर फर्किन्छन् ।'

**नेताहरूमा नैतिकता रहेन : मोहना अन्सारी**

मानव अधिकारकर्मी मोहना अन्सारी नेताहरूमा नैतिकता नरहँदा यो अवस्था आएको बताउँछिन् । उनले विगत १०-१५ वर्षको अनुभव स्मरण गर्दै नेताहरूले आन्दोलनका बेला सम्झौता गर्ने, तर कार्यान्वयनमा बेवास्ता गर्ने गरेको बताइन् ।

'मन्त्री भएको बेला हस्ताक्षर गर्छन्, मन्त्री पदबाट हटेपछि ती सम्झौता डस्टबिनमा पुग्छन् । त्यसपछि फेरि फोटो खिचाउन आफैं आन्दोलनमा देखिन्छन् । यो गलत अभ्यास हो,' उनले भनिन् ।

अन्सारीकाअनुसार जनताले आफ्नो उत्पादन बेच्छन्, तर मूल्य पाउँदैनन् । यो समस्या नयाँ होइन । तर नेताहरूले समाधान गर्नेभन्दा आन्दोलनमा पुगेर 'नैतिक मान्छे'को आवरण देखाउन मात्र खोजे ।

अन्सारी नेताहरूको यो प्रवृत्तिलाई 'नैतिकताको संकट'को रुपमा चित्रण गर्छिन् । 'नैतिकता गुमाएपछि म आफू नैतिकवान छु है भनेर जबजस्ती देखाउन खोजिएको छ । आफैंले हस्ताक्षर गरेको सम्झौता बिर्सने, मन्त्री पदबाट हटेपछि जनतासँग गरेको वाचा बिर्सने, अनि एकाएक माइतीघरबाट चर्चामा आएपछि सहानुभूति देखाउन जाने प्रवृत्ति बढ्यो,' उनले भनिन्, 'त्यसैले जबसम्म नेताहरूमा नैतिकता र जवाफदेहीपन हुँदैन, यस्ता आन्दोलनहरू फोटो खिचाउने मञ्चमात्र बन्नेछन् । सुधारको संकेत देखिँदैन ।'

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान
खर्गा दन्त उपचार केन्द्र प्रा.लि.
बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
☎ ९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

जि.प्र.का.महोत्तरी.द.नं. ४२-०७०/७१
जि.हु.का.द.नं. २-०८०/८१
पब्लिक टुडे
२०८२ भाद्र ११ गते बुधवार


# सर्वोच्चमा पूर्वमन्त्री साहको मुद्दा पाँच वर्षदेखि विचाराधीन

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, भदौ १० गते ।**




सर्वोच्च अदालतमा पाँच वर्षदेखि पूर्वमन्त्री संजयकुमार साह 'टकला' विरुद्धको भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण मुद्दा विचाराधीन छ।
२०७७ असोज ५ गते सर्वोच्च अदालतमा पुगेको मुद्दा पाँच वर्षमा १४ पटक सुनुवाइका लागि इजलास तोकिएको छ। यो मुद्दामा एक पटक पेसीको सूचना दिने, एक पटक प्रत्यर्थी झिकाउने र दुई पटक अन्य आदेश भएको थियो। चौध पटक साप्ताहिक पेसी सूचीबाटै हटाइएको थियो।
यो मुद्दामा दुई वर्षदेखि सुनुवाइ हुन सकिरहेको छैन। २०८० भदौ ६ मा न्यायाधीशद्वय प्रकाशकुमार ढुंगाना र डा. नहकुल सुवेदीको संयुक्त इजलासले मिसिल झिकाउने आदेश गरेको थियो। त्यसपछि यो मुद्दामा सुनुवाइ हुन सकेको छैन। मंगलबार प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीश श्रीकान्त पौडेलको संयुक्त इजलासको पहिलो नम्बरमा रहेको मुद्दा महान्यायाधिवक्ता कार्यालयबाट स्थगित भयो। अब यो मुद्दाको अन्तिम सुनुवाइ कहिलेबाट हुन्छ भन्ने अनिश्चित बनेको छ।
२०७६ फागुन १५ मा विशेष अदालतका न्यायाधीशहरू कृष्ण गिरी, शान्तिसिंह थापा र चन्द्रबहादुर सारुको इजलासले साहलाई भ्रष्टाचार मुद्दामा ४ वर्ष जेल सजाय र १९ करोड ४४ लाख ३८ हजार ९८३ रुपैयाँ गैरकानुनी रूपमा आर्जन गरेको ठहर गर्दै त्यसलाई जफत गर्न र त्यति नै जरिबाना तिराउन आदेश दिएको थियो। त्यस्तै विशेष अदालतले साहबाट १४ करोड २५ लाख एक हजार ७१६ रूपैयाँ सम्पत्ति शुद्धीकरण भएको ठहर गरेको थियो।
२०७६ फागुन २९ मा विशेष अदालतले सजाय निर्धारण विशेष अदालतले सम्पत्ति शुद्धीकरण मुद्दामा साहलाई ५ वर्ष कैद सजाय हुने फैसला सुनाएको थियो। सम्पत्ति शुद्धीकरणमा दुई वर्षदेखि १० वर्षसम्म कैद सजाय हुनसक्ने कानुनी व्यवस्था छ। फौजदारी कार्यविधि संहितामा तीन वर्षभन्दा बढी सजाय हुनसक्ने कसुरमा सजाय निर्धारणका लागि एक महिनाभित्र छुट्टै सुनुवाइ गर्नुपर्ने व्यवस्था छ। त्यसैअनुसार विशेष अदालतले सम्पत्ति शुद्धीकरणमा समेत दोषी पाइएका साहलाई उक्त कसुरमा हुने सजाय निर्धारण गरेको थियो।
विशेष अदालतले सजाय निर्धारण गरेको फैसलामा चित्त नबुझेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७७ असोज ५ गते भ्रष्टाचार मुद्दा र असोज ९ गते सम्पत्ति शुद्धीकरण मुद्दा सर्वोच्चमा पुनरावेदन गरेको थियो। साथै संजयकुमार साह २०७७ असोज १२ मा विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च पुगेका थिए। अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संजय साहको निवेदन एक साथ राखेर सर्वोच्चले सुनुवाइका लागि पेसी तोक्दै आइरहेको छ।
साहविरुद्ध २०७३ पुस २५ मा अख्तियारले गैरकानुनी

*- बाँकी पृष्ठ ३ मा*

# 'श्रमिकहरूको अधिकार संरक्षणका निरन्तर क्रियाशील हुनुपर्छ'



**जनकपुर, भाद्र १० गते ।**
मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले श्रमिकहरूको अधिकार संरक्षणमा कुनै कमजोरी हुन नदिन विदेशस्थित नेपाली कूटनीतिक नियोग क्रियाशील हुनुपर्ने बताएको छ।
मलेसियास्थित नेपाली दूतावासमा मंगलवार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले विदेशमा रहेर नेपालको आर्थिक क्षेत्रमा महत्त्वपूर्ण सहयोग गर्ने श्रमिकको अधिकारका लागि दूतावासले विशेष ध्यान दिनुपर्नेमा जोड दिए।
मुख्यमन्त्रीको सचिवालयका अनुसार विशेषगरी मलेसियामा नेपाली सेक्युरिटी गार्डहरूमाथि भइरहेको श्रम शोषण र अन्यायपूर्ण व्यवहारबारे गम्भीरतापूर्वक ध्यान दिन मुख्यमन्त्रीले आग्रह गरेको छ।
यस अवसरमा मुख्यमन्त्री सिंहसँगै जनमत पार्टीका केन्द्रीय सदस्य तथा पर्सा जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफ र सर्लाही जिल्ला इन्चार्ज श्रीचन यादव पनि सहभागी भएको मुख्यमन्त्री सचिवालयले जनाएको छ।
छलफलमा नेपाली राजदूत डा. नेत्रप्रसाद तिमिल्सिना, दूतावासका कर्मचारी, एनआरएनए मलेसियाका अध्यक्ष राकेशप्रसाद महतोसहित पदाधिकारीहरू, एनआरएमए मलेसियाका अध्यक्ष महेश यादव 'निराला' तथा मलेसियामा कार्यरत श्रमिक प्रतिनिधिहरूको सहभागिता रहेको थियो। रासस



Rajib Auto Trade
Gaushala-5 , Mahottari, 044556186, 9804827836

# वीरगञ्जमा हैजा : १० नमूनामध्ये आठमा संक्रमण

**वीरगञ्ज, भदौ १० गते ।**
वीरगञ्जमा हैजाको आशङ्कामा १० बिरामीको नमूना परीक्षण गर्दा आठमा संक्रमण पुष्टि भएको जनाएको छ।
राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. रञ्जनराज भट्टले १० वटा नमूनामध्ये आठवटा नमूनामा हैजाको संक्रमण पुष्टि भएको जानकारी दिए।
'वीरगञ्जबाट हैजाका लक्षण देखापरेका बिरामीको दिसा सङ्कलन गरेर नमूना परीक्षण गर्न प्रयोगशालामा पठाइएको थियो', उनले भने, 'प्रयोगशालामा रहेको 'भाइटेक' प्रविधिबाट कल्चर गर्दा १० नमूनामध्ये आठमा संक्रमण भेट्टिएको छ।'



निर्देशक डा. भट्टले स्थानीय अस्पतालले यसअघि नै 'आरडिटी' गरेर हैजा भएको पुष्टि गरे पनि थप पुष्टि गर्न नमूना परीक्षण गरिएको जानकारी दिए।
'वीरगञ्जका स्थानीय अस्पतालले आरडिटी गरेर हैजा भएको त थाहा पाइसक्नुभएको थियो। कहिलेकाहीं त्यसमा केही रिजल्ट फरक आउन सक्ने भएकाले थप पुष्टिका लागि यहाँ कल्चर गरिएको हो,' उनले भने। रासस

# एघार सय जग्गाधनी पूर्जा वितरण

**जनकपुरधाम, भदौ १० गते ।**
सङ्घीय सरकारको भूमि व्यवस्था, सहकारी तथा गरीवीमन्त्री बलराम अधिकारीले धनुषाको विदेह नगरपालिकाको इटहर्वामा आयोजित एक समारोहबीच सो पालिकाका एक हजार १०० जनालाई जग्गाधनी प्रमाण-पूर्जा वितरण गरेको छ।
नापी कार्यालय धनुषाद्वारा मंगलवार आयोजित समारोहमा गाउँब्लक जग्गाधनी दर्ता प्रमाण-पूर्जा वितरण कार्यक्रममा सो पालिकाको वडा नं. १ देखि वडा नं ९ सम्मका जनतालाई उनले जग्गाधनी प्रमाणपत्र वितरण गरेको हो।
मन्त्री अधिकारीले भूमि समस्याको समाधान सङ्घीय सरकारको एक्लो प्रयासले समाधान गर्न समस्या भएकाले तीनै तहका सरकारको सहयोग तथा समन्वय आवश्यक रहेको बताए।
आगामी तीन वर्षमा भूमिहीन, सुकुम्वासी, भूमिहिन दलित तथा अव्यवस्थित वसोवासीको समस्या समाधान हुने उनले आश्वासन दिए। उनले भूमि समस्या समाधान गर्न सरकारले उच्च प्राथमिकतामा दिएको बताए।
विदेह नगरपालिकाका नगरप्रमुख वेचन दासले नापी कार्यालयबाट खटिएका कर्मचारीले लालपुर्जा बनाउने तथा सर्वे गर्ने कार्यमा सर्वसाधारणलाई दुःख दिने तथा गैरकानुनीरूपमा रकम माग्ने गरेको गुनासो गरे। रासस

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री